ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

# कक्षा तीनको हामी र हाम्रो वीरेन्द्रनगर (स्थानीय पाठ्यपुस्तक) को विश्लेषण

१ उपप्रा. हरिजङ्ग शाह, २ दुर्गा आचार्य
shahhari2038@gmail.com
मध्यश्चिम विश्वविद्यालय, नेपाली शिक्षा केन्द्रीय विभाग

**लेखसार**

*प्रस्तुत अध्ययन कक्षा तीनको स्थानीय पाठ्यपुस्तक हामी र हाम्रो वीरेन्द्रनगरको विश्लेषण सम्बन्धित छ । गुणात्मक ढाँचामा वर्णणात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको यस अध्ययनका मुख्य उद्देश्य आन्तरिक र बाह्य विशेषताका आधारमा कक्षा तीनको स्थानीय पाठ्यपुस्तकको विश्लेषण गर्नु र उक्त पाठ्यपुस्तकका कमी कमजोरी पहिचान गरी आवश्यक सुझाब दिनु रहेका छन् । सुर्खेत जिल्लाको गाउँपालिका र नगरपालिकाद्वारा निर्मित स्थानीय पाठ्यपुस्तकसँग सम्बन्धित सबै पाठ्यपुस्तकलाई जनसङ्ख्याको रूपमा लिइएको छ भने उद्देश्यपूर्ण नमूना छनोटका आधारमा स्थानीय पाठ्यक्रम अनुरूप तयार पारिएको कक्षा तीनको हामी हाम्रो वीरेन्द्रनगर पाठ्यपुस्तकलाई नमूना जनसङ्ख्याको रूपमा उपयोग गरिएको छ । हामी र हाम्रो वीरेन्द्रनगर स्थानीय पाठ्यपुस्तकक्षेत्र र एकाइका आधारमा हेर्दा ७ वटा एकाइ वा क्षेत्र भनेर तोकिएको छ । ७ वटा एकाइ भित्र ३२ वटा पाठ समावेश गरिएको छ । जसमा ७ वटा एकाइ भित्र पाठहरू समान रूपमा विभाजन नभएको कुनै एकाइमा धेरै पाठ र कुनैमा आवश्यकता भन्दा धेरै पाठ राखिएको हुँदा क्षेत्र विभाजन गर्दा समान रूपले विभाजन गर्नुपर्ने देखिन्छ । यस अध्ययनमो स्थानीय पाठ्यपुस्तक अध्यापन गर्ने जो कोही शिक्षक तथा विद्यार्थीलाई अध्ययनको उद्देश्य, विषयवस्तु शिक्षण विधि तथा मूल्याङ्कन प्रक्रियासँग परिचित रही शिक्षणलाई प्रभावकारी बनाउन र विद्यार्थीलाई पाठ्यक्रमका उद्देश्य, शिक्षण विधि र विषयवस्तुको जानकारी गरी ज्ञान, सिप सिक्न सहयोग गर्ने अपेक्षा गरिएको छ ।*

**शब्दकुञ्जी** : पाठ्यक्रम, पाठ्यवस्तु, शब्दभण्डार, बनोट, मूल्याङ्कन ।

## परिचय

पाठ्यपुस्तक भनेको पाठ्यक्रमको अपेक्षा अनुरूप भाषिक सिप प्रदान गर्ने उद्देश्यले विद्यार्थीको इच्छा, चाहाना, रूचि, आवश्यकता र क्षमतालाई ख्याल गरेर निर्माण गरिएका आधिकारिक पाठ्यसामग्री हो । पाठ्यपुस्तक पाठ्यक्रम अनुसार तयार गरिएको हुन्छ । शिक्षण संस्थामा औपचारिक रूपमा पठनपाठनका लागि पाठ्यक्रम अनुरूपताका आधारमा निर्मित पुस्तकलाई नै पाठ्यपुस्तक भनिन्छ । पाठ्यपुस्तक सिकारूका लागि तयार पारिएको एउटा सामग्री हो (पौडेल, २०७२, पृ.११०) । नेपालमा मात्र नभएर विश्वमा नै पाठ्यपुस्तकलाई जतिसक्दो व्यावहारिक तथा प्रभावकारी बनाउन निकै प्रयास भइरहेका छन् । समयको माग र आवश्यकतामा आधारित पाठ्यपुस्तकको निर्माण गर्ने भन्ने विषयमा धेरै

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

अगाडिदेखि आवाज उठ्दै आएता पनि व्यवहारमा लागु हुन सकेको छैन । स्थानीय अनुकूलको विषय छनोट गरी पाठ्यपुस्तक निर्माण गर्नुपर्ने प्रावधान प्राथमिक तह २०४९ को पाठ्यक्रमबाट सुरू भएको हो । हाल देशभरका स्थानीय निकायले आफ्नो क्षेत्रमा स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक बनाएको पाइन्छ । त्यस्तै पाठ्यक्रममा आधारित भएर पाठ्यपुस्तक निर्माण हुने क्रम पनि जारी छ (रा. शि.आ., २०४९, पृ.४) । यसले स्थानीय विषयवस्तुलाई चासो देखाएर पाठ्यक्रम निर्माण गरी लागु गनुपर्छ भन्ने उद्देश्यका साथ अगाडि बढाएको पाइन्छ ।

प्रस्तुत अध्ययन आधारभूत तहको पाठ्यक्रम २०७६ बमोजिम वीरेन्द्रनगर नगरपालिकाको स्थानीय तहको पाठ्यपुस्तक स्थानीय सरोकारवालाको सहभागीतामा स्थानीय विषयको पाठ्यक्रम एकीकृत ढाँचाको विकास गरी शैक्षिक सत्र २०७८ देखि लागु गरेको छ । अहिले कक्षा १ देखि ३ सम्मको हामी र हाम्रो वीरेन्द्रनगर नामक पुस्तक पालिकाले प्रकाशनमा ल्याएको छ । प्रस्तुत अध्ययन स्थानीय तहको पाठ्यक्रम २०७६ अन्तर्गत अध्यापन गराइने कक्षा तिनको स्थानीय पाठ्यपुस्तकको अध्ययन गरिएको छ । वीरेन्द्रनगरको स्थानीय तहको पाठ्यक्रम २०७६ बमोजिम स्थानीय पाठ्यपुस्तक २०७८ देखि लागु भएको छ । यसअन्तर्गत अहिले १-३ सम्म लागु गरिएको छ भने ४-५ कक्षाको पाठ्यक्रममा स्थानीय तहमा लागु गरिएको छ । स्थानीय तहको पाठ्यक्रम १-८ सम्म लागु गरिएको छ । ५ कक्षा र ८ कक्षाको पाठ्यपुस्तक २०८० बाट लागु गरिने तयारीमा छ । उक्त पुस्तकले आफ्नो स्थानीय स्तरको कला संस्कृति, भेषभूषा, पेशा व्यवसाय आदि कुराको ज्ञान दिन सहयोग गरिरहेको छ (वीरेन्द्रनगर नगरपालिका, २०७६, पृ.२) । यस पाठ्यपुस्तकको अध्ययनबाट शिक्षाविद्, विषय विशेषज्ञ, शिक्षक, विद्यार्थी, अभिभावक, लेखक, सम्पादक आदि शिक्षासँग सरोकार राख्ने व्यक्तिहरूले विद्यार्थीको रूचि, चाहना, आवश्यकता, क्षमता, स्तरको बारेमा पाठ्यपुस्तक निर्माण भएको छ कि छैन भन्ने कुराको जानकारी हुने हुनाले स्थानीय पाठ्यपुस्तकको अध्ययन गरिएको हो ।

## उद्देश्य

कक्षा तीनको स्थानीय पाठ्यपुस्तक हामी र हाम्रो वीरेन्द्रनगरको विश्लेषणमा केन्द्रित शोधपत्रका उद्देश्यहरू आन्तरिक र बाह्य विशेषताका आधारमा कक्षा तीनको हामी र हाम्रो वीरेन्द्रनगर (स्थानीय पाठ्यपुस्तक) को विश्लेषण विश्लेषण गर्नु रहेका छन् ।

## अध्ययन विधि

यस अनुसन्धानमा कक्षा तीनको स्थानीय पाठयपुस्तक हामी र हाम्रो वीरेन्द्रनगर (२०८०) को विश्लेषणलाई आन्तरिक र बाह्य विशेषताका आधारमा शाब्दिक प्रकृतिका तथ्याङ्क लिएर अध्ययन गरिएकाएले गुणात्मक ढाँचा तथा निगमनात्मक विधि रहेको छ ।  स्थानीय पाठ्यपुस्तकको विश्लेषण

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

गरिने भएकाले यस शोधमा गुणात्मक र वर्णनात्मक शाब्दिक प्रकृतिको तथ्याङ्क रहेको छ । शोधपत्रका लागि निम्नलिखित तथ्याङ्कका स्रोतलाई उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनको लागि टिपोट कार्य, अन्तर्वार्ता, शिक्षक/विज्ञ र लेखकद्वारा लेखिएका वीरेन्द्रनगरको स्थानीय पाठ्यपुस्तक हामी, हाम्रो वीरेन्द्रनगर पुस्तक विश्लेषणका निम्ति अवलोकनबाट सङ्कलित सामग्रीको पूर्व शोध र पाठपुस्तक प्रकाशक, छापाखाना, प्राविधिक, विषयविज्ञ र शोध निर्देशकको सहयोगमा मानकीकरण गरिएको छ । उपयुक्त आधारबाट तथ्याङ्क सङ्कलन गरिसकेपछि शाब्दिक प्रकृतिका तथ्याङ्कहरू लिएर तिनको निगनात्मक विधिमा आधारित भएर तार्किक तथा वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन पाठ्यपुस्तकको अध्ययनअन्तर्गत कक्षा तीनको स्थानीय पाठ्यपुस्तकमा सीमित रहेको छ । पाठ्यपुस्तक निर्माणका आन्तरिक विशेषताहरूः पाठ्यवस्तु, भाषा, शब्दभण्डार, अभ्यास, चित्र छनोटका आधारमा स्तर अनुरूप निर्माण भए नभएको खोजी गरी अध्ययन गरिएको छ । पाठ्यपुस्तक निर्माणका बाह्य विशेषताहरू : बनोट, छपाइ, बँधाइ, कागजको स्तर, अक्षराकार र ठाउँ छोडाइ, मूल्य र सुलभताका आधारमा स्तर अनुरूपको भए नभएको खोजी गरी अध्ययन गरिएको छ । यसमा आधारित पाठ्यपुस्तकका सबल तथा दुर्वल पक्ष पहिचान गरी निष्कर्ष तथा सुझावमा मात्र सीमित गरिएको छ ।

## व्याख्या र विश्लेषण

### बाह्य विशेषताका आधारमा पाठ्यपुस्तकको विश्लेषण

पाठ्यपुस्तकमा भएका बाहिरी पक्षमा आधारित बाह्य विशेषतालाई भौतिक वा परिधीय विशेषता भनिन्छ । यस पाठ्यपुस्तकको बनोर वा स्वरूप, अक्षराकार ठाउ छोडाइ र अन्तराल, छपाइ तथा बधाइ कागजको तर, ठूला र सुलभताका शाथै अन्य विविध विशेषताहरू पर्दछन् ।

### बनोट

पाठ्यपुस्तकको आकार प्रकार तथा आवरणलाई बनोट भनिन्छ । पाठ्यपुस्तक आकर्षक बनोटको रूचिपूर्ण, टिकाइपूर्ण हुनुपर्दछ । पाठ्यपुस्तकको आवरण पृष्ठ कुनै एक शैक्षिक सत्रसम्म टिक्न सक्ने खालको बाक्लो, बलियो र स्तरीय र रङ्गीन हुनुका शाथै पानीपत्रले व्यवस्थित (प्लाटीक कोडेड) गरिएको आकर्षक हुनुपर्दछ । अविरणमा नै पाठ्यपुस्तक हो भन्ने चिनाउन भाषिक सिपसँग सम्बन्धित उपयुक्त चित्रावली तथा दृश्यावलीहरू राख्नुपर्दछ । पाठ्यपुस्तकको भित्री पाठहरूमा चिल्लो, आकर्षक र स्तरीय कागतको प्रयोग गर्नुपर्दछ । प्राथमिक तहका लागि १३ इन्च चौडाइ र १३/१४ इन्च लम्बाइ भएका किताब व्यावहारिक आकारका हुन सक्छन् ।

वर्तमान समयमा प्रयोग भइरहेको स्थानीय विषय हामी हाम्रो वीरेन्द्रनगर स्थानीय विषय पाठ्यपुस्तकको पहिलो आवरण पृष्ठको माथिल्लो भागमा माथितिर गुलाबी कलर भित्र सेतो रङ्गले पाठ्

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

यपुस्तकमा हामी र हाम्रो वीरेन्द्रनगर लेबिको छ भने तल्लो भागमा गुलावी लागतमा नेपाल सरकारको निशाना छाप रहेको छ । त्यसको तल तिर निजेर कालो सेतो मसीले वीरेन्द्रनगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, उणाथी देखिएको छ । आवरण पुष्ठको विचमा चिन्न देखाइएको छ । चित्रको माथितिर कक्षा-३ लेखिएको छ । पहेलो अक्षरमा लेखिएको छ । पक्ष पाठ्यपुस्तकको बाहिरी आवरणलाई हेर्दा गुलावी उलरको कागलमा सेतो मसी हिलोमसी प्रयोग गरिएको पाइयो । किताबको लम्बाई २४ से.मी. चौडाई १७ मोटाइ १ रहेको पाइयो । पहाडीको आवरण प्रवब्को विचमा ११ से मी लम्बाइ १५ से.मी. चौडाइ भएको सेले पेपरमा वीरन्द्रगर भित्र रहेका नगरपालिको गाँउपालिकालाई चिनाउन नक्सा राखिएको छ । तल्लो आयातकार बाकसभित्र काँक्रेविहार नजिकैकको गाउँलाई राखिएको छ । अगाडिको अवारण पृष्ठको भित्रको पहिलो पानाको अघिल्लो पुष्ठमा माथि सेतो पृष्ठभूमिमा कालो मसीले हामी र हाम्रो वीरेन्द्रनगर कक्षा ३ गाढा रङमा छापिएको छ । तल नेपाल सरकारको लोगो त्यसभन्दा तल वीरेन्द्रनगर नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा सुर्खेत कर्णाली प्रदेश उल्लेख गरिएको छ । पहिलो पृष्ठको पछाडि तिरको भागमा प्रकाशक, सर्वाधिकार प्रकाशकमा, संस्करण, कम्प्युटर मुद्रक र मूल्य रू. मात्र लेखी जानकारी दिइएको छ ।

भित्रको दोस्रो पानाको हाम्रो भनाइ खण्डमा उल्लेख भए अनुसार कक्षा तीनको स्थानीय पाठ्यपुस्तक २०७६ ले कक्षा एक देखि तीनसम्मको ५ पाठ्य घण्टाको भारसहित स्थानीय विषयको प्रबन्ध गरेको छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ बमोजिम वीरेन्द्रनगर नगरपालिकाले आधारभूत तहका लागि स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय विषयको पाठ्यक्रम स्वीकृत ढाँचामा विकास गरी शैक्षिक सत्र २०७८ बाट लागु गरेको थियो । स्थानीय विषयको पाठ्यक्रमको कार्यान्वयनलाई थप सरल, सहज र प्रभावकारी बनाउने उद्देश्यले यो पाठ्यपुस्तक तयार पारिएको छ । किताबको लम्बाइ २४ सेमी चौडाइ १७.२ सेमी, मोटाइ १ से.मी. लम्बाइ र १५ सेमी चौडाइ रहेको अगाडिको आवरण पृष्ठमा पाठ्यपुस्तक भनी चिनाउने सूचकका रूपमा हामी र हाम्रो वीरेन्द्रनगर सेतो रङ र कक्षा तीनको पहेँलो रङमा मुद्रित छ । यस पुस्तकको आवरण पृष्ठमा पढ्दै गरेको बालबालिकाको चित्र देखाइएको छ । जसले गर्दा विद्यार्थीमा पढ्ने उत्सुकता जाग्न सक्छ ।
यस पाठ्यपुस्तकको पहिलो पाठदेखि अन्तिम पाठसम्म १८१ पृष्ठ रहेका छन् । जसभित्र ७ वटा एकाइ छन् । पहिलो एकाइमा ४, दोस्रोमा ५ तेस्रोमा ६, चौथोमा ६, पाँचौमा ५ छैठौँमा ३, सातौमा ३ गरी जम्मा ३२ वटा पाठहरू रहेका छन् ।

प्राविधिकका अनुसार पाठ्यपुस्तकको बनोट उपयुक्त दिर्घकालीन रूपमा टिक्ने खालको छैन । बाह्य बनोटमा सिलाइ र बलियो गरी निर्माण गरिएको छैन भने स्टिच किला र फेबकलको कम प्रयोग

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

गरिएको छ । आकर्षक कभर भएपनि भित्र कागज कमसल खालको छ । यस आधारमा थप सुधार गर्नुपर्ने देखिन्छ ।

**अक्षरको आकार र अन्तराल**

पाठ्यपुस्तकमा प्रयोग गरिने अक्षरहरूको आकार र अन्तराल तथा ठाउँ छोडाइ महत्त्वपूर्ण प्राविधिक पक्षका रूपमा लिइन्छ पूर्व प्राथमिक र प्राथमिक तहका सुरूका कक्षामा प्रयोग हुने पाठ्यपुस्तकमा अक्षरका आकार ठूला हुनु आवश्यक मानिन्छ । कक्षा एकसम्म सामान्य पठनका लागि ६० प्वाइन्ट सम्मका अक्षरहरू उपयुक्त मानिन्छन् । कक्षा ४ र ५ का लागि १४ र १६ प्वाइन्टसम्मका र त्यसभन्दा माथि १२ र १४ प्वाइन्ट सम्मका अक्षरहरू उपयुक्त मानिन्छन् । पाठ वा मुख्य शीर्षक अपेक्षाकृत ठूला उपशीर्षकहरू त्यसभन्दा कम र पाठ्यांश र अभ्यासका आकार उपशीर्षक भन्दा केही कम अक्षराकारमा प्रस्तुत गरिनु राम्रो हुन्छ । त्यस्तै अक्षर अक्षर बिच शब्द, शब्द बिच र पङ्क्ति पक्ति बिचको अन्तर वा ठाउँ छोडाइमा विशेष ख्याल राख्नु आवश्यक छ ।

छापाखानाका प्राविधिकसँग गरिएको छलफल अनुसार हामी र हाम्रो वीरेन्द्रनगर स्थानीय पाठ्यपुस्तकको मुख पृष्ठमा २४ प्वाइन्टको शीर्षक राखिएको छ । कक्षा ३ लेखिएको भागमा २० प्वाइन्टका अक्षराकार रहेका छन् भने वीरेन्द्रनगर नगरपालिकाको अक्षर १६ प्वाइन्टको राखिएको छ । नगरकार्यपालिकाको कार्यालय लेखिएको अक्षरमा १८ प्वाइन्टमा राखिएका छन् । त्यसैगरी शिक्षा, युवा तथा खेलकुद शाखा लेखिएको शीर्षभागलाई २२ प्वाइन्टमा राखिएको छ र कर्णाली प्रदेश सुर्खेत लेखिएको शब्दलाई १६ प्वाइन्टको आकारमा राखिएको छ । उक्त पाठ्यपुस्तकको भित्र पृष्ठमा शीर्षकहरूलाई २२ प्वाइन्टमा राखिएको छ भने उपशीर्षकमा २० अक्षराकार राखिएको छन् र पर शीर्षकमा १८ साइजमा बोल्डमा राखिएको छ । विद्यार्थीको पाठका र अभ्यासका पृष्ठहरूमा अक्षराकार १८ साइजमा नै राखिएको पाइन्छ । उक्त पाठ्यपुस्तरका समावेश गरिएका अक्षराकार र अन्तराल आधारभूत तहको पाठ्यपुस्तकका विद्यार्थीको स्तर अनुसार अन्तराल दाँया भागमा १.५ इन्च अन्तरालराखिएको छ भने बायाँ, तल र माथि १/१ इन्च ठाउँ छाडिएको छ । पाठ्यपुस्तकको भित्र पृष्ठको अन्तराल १.५ राखिएको छ । उक्त अन्तराल आधारभूत तहका विद्यार्थीको लागि उपयुक्त नै रहेको छ । जसले गर्दा उक्त पाठ्यपुस्तकको अक्षराकार र अन्तराल विद्यार्थीको स्तर अनुसार उपयुक्त देखिएको छ ।

**छपाइ र बँधाइ**

कक्षा तीनको स्थानीय पाठ्यपुस्तक समीर हामी वीरेन्द्रनगर पाठ्यपुस्तकको अध्ययन गर्दा छपाइ तथा बंधाइ प्रविधि उपयुक्त नभएको देखिन्छ । यस पुस्तकको छपाइको स्तर पनि राम्रो देखिन्छ । यस पुस्तकको अध्ययन गर्दा बढी शुद्ध र स्पष्ट देखिन्छ । तथापी पाठ्यपुस्तकको कुनै अक्षरमा पनि मसी

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

पोतीएको देखिदैन । अक्षरको आकार पनि एकै प्रकारको छ सानो ठूलो छैन । पाठ्यपुस्तकको भित्री पृष्ठमा बाक्लो कागजको प्रयोग भएको पाइन्छ । जसले गर्दा पुस्तकका पृष्ठहरू अर्कोपरी अक्षर देखिएको छैन । पुस्तकका अक्षरहरूमा प्रयोग भएको मसी पाठन चहकिलो नै रहेको छ ।

प्रस्तुत पाठ्यपुस्तक कआ तीनको स्थानीय पाठ्यपुस्तकको बधाई पक्ष निकै कमजोर रहेको छ । स्टिच प्रयोग नगरी सामान्य गमले पुस्तक हालिएको छ । बँधाइमा धागोको प्रयोग गरिएको छैन । यसरी बधाई प्रविधि एकदमै कमजोर भएको कारण पुस्तक छिट्टै च्यात्तिने र काम नलाग्ने हुन सक्ने सम्भावना बढी छ । समग्रमा भन्दा यस पाठ्यपुस्तकको छपाइ बँधाइलाई हेर्दा यो बालबालिका लागि स्तरीय र उपयोगी देखिदैन । बधाई ठिकै भएतापनि छपाइ खासै स्तरीय देखिदैन । पुस्तकमा कालो रङको मरसी प्रयोग भएकाले यसमा रातो, हरियो निलो पहेलो मसीको प्रयोग गर्नुपर्ने देखिन्छ । साथै चित्रहरू पनि सादा रहेकाले स्पष्ट देखिदैनन् । यसका लागि रङ्गीन चित्र हुन आवश्यक छ । पाठ्यपुस्तकको भए वृद्धिका लागि बलियो, धागोले बाँधी स्तरीय गम, फेविकलले पानाहरू चिप्काएर साथै बलियो स्टेपलरले क्लिप गरेर मजबूत बँधाइ गरेमा पाठ्यपुस्तक प्रभावकारी हुन्छ । त्यस्तै मा.वि. तहसम्म पाठ्यक्रम विकास केन्द्रले रङ्गीन चित्र तथा शब्दहरू प्रयोग गरेको अबस्थामा पनि स्थानीय स्तरमा रङ्गीन गर्न आवश्यक छ ।

प्राविधिकका अनुसार कक्षा तीनको स्थानीय पाठ्यपुस्तकलाई हेर्दा छपाइ र बँधाइ त्यति उपयुक्त नभएको देखिन्छ । जसले गर्दा पुस्तकको पानाहरू छिट्टै उम्कनै गर्दछ । पुस्तकका अक्षरहरू शुद्ध छन् तर एउटै आकारमा छन् । कुनै अक्षरहरूमा मसी लतपतिको देखिदैन । पुस्तकको भित्री पृष्ठहरूमा बाक्लो कागजको प्रयोग गरिएको भएतापनि अलि कालो रङको कागजको प्रयोग गरेमा पुस्तक आकर्षक र विद्यार्थीहरूलाई पढुँ पढुँ लाग्ने खालको देखिने थियो ।

**कागतको स्तर**

पाठ्यपुस्तकको कागतको स्तर पनि महत्वपूर्ण हुन्छ । जति मासिनो चिल्लो, राम्रो सेतो र बाक्लो खालको कागत भयो त्यति पाठ्यपुस्तकको स्वरूप पनि आकर्षक र प्रभावकारी हुन्छ । राम्रो वाक्ले कागतको छपाइको स्तर पनि राम्रो हुन्छ । खस्रो पातलो र कमसल कागत भएमा त्यो अनाकर्षण र अप्रभावकारी मात्र नभई झट्ट च्यातिने भाच्चिने दोब्रिने र अतिशिघ्र काम नलाग्ने अवस्थामा पुग्छ । त्यसैले पाठ्यपुस्तकमा प्रयोग हुने कागत ६० ग्राम भन्दा माथिको हुनुपर्दछ । नराम्रो कागतमा छपाइमा पनि नराम्रो हुन्छ । पातलो भएमा एकापट्टीको अक्षर अर्को पट्टी पारदर्शी भएर पढ्नै नमिल्ने हुन्छ र कमजोर कागत भएका पाना फर्काउदा पनि च्यातिने धुजा धुजा हुन सक्छ । साथै सेतो रङ्ग बाहेक अरू रङको कागतमा स्पष्ट र टाढा अक्षर नदेखिने सम्भावना हुन्छ र रङ्गीन चित्रहरू पनि अनाकर्षण बन्दछन् ।

कक्षा तीनको स्थानीय पाठ्यपुस्तक हामी हाम्रो वीरेन्द्रनगरलाई अध्ययन गर्दा यस पाठ्यपुस्तकमा प्रयोग गरिएको कागत गुणस्तरीय नै देखिन्छ । बाहिरी आवरण पृष्ठमा बाक्लो पलास्टिक कोडेट गरेको

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

देखिन्छ । जसले गर्दा किताब सहजै च्यातिदैन, अक्षर स्पष्ट देखिन्छन् । शाथै पुस्तकमा प्रयोग गरिएको कागत स्तरीय नै देखिन्छ । तर बधाई पक्ष भने अति कमजोर देखिन्छ जसले गर्दा किताबको पाना उम्कने र छिट्टै च्यातिने हुन्छ । बाहिरी आवरण भने बलियो नै देखिन्छ । आवरण पृष्ठमा प्रयोग भएको कागत बलियो भएपनि सबैलाई राम्रो भएकाले किताब छिट्टै च्यातिने सम्भावना देखिन्छ । त्यसैले पाठ्यपुस्तक बलियो, स्तरीय, राम्रो र विद्यार्थीको विषयवस्तु तथा अध्यापन प्रति रूचि तथा उत्सुकता भगाउन सहयोग पुऱ्याउने पाठ्यपुस्तकको निर्माण गर्नु आवश्यक देखिन्छ ।

**मूल्य**

पाठ्यपुस्तकलाई उपयोगी र प्रभावकारी बनाउने अर्को महत्वपूर्ण तत्व त्यसको मूल्य मान हो । पाठ्यपुस्तक नाफा कमाउने उद्देश्यले उत्पादन गरिनु हुँदैन । अतः पाठ्यपुस्तकको मूल्य मुनाफा रहित र लगानी खर्च उठाउने उद्देश्यले मात्र न्युनतम मात्रामा तय गरिनुपर्दछ । यसका शाथै निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाए धेरै राम्रो हुन्छ । नेपाल सरकारको कार्यक्रम अनुसार रा.शि.अ.२०४९ ले सम्पूर्ण प्राथमिक विद्यालयका विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने उल्लेख गरिएको छ । यस स्थानीय पाठ्यपुस्तकमा मूल्य तोकीएको छैन । त्यसैले यो पाठ्यपुस्तक विद्यार्थीका लागि सान्दर्भिक देखिन्छ ।

**सुलभता**

भाषा पाठ्यपुस्तकको प्रभावकारिता त्यसको सुलभताका पनि भर पर्छ । सुलभताको अर्थ खोजेको बेलामा जहाँतही सजिलैसँग उपलब्ध हुन प्राप्त हुन सक्ने अवस्था हो । पाठ्यपुस्तक देशव्यापी रूपमा सर्वसुलभ उपलब्ध हुन आवश्यक छ । शैक्षिक शत्र शुरू भइसकेको धेरै पछि मात्र अझ कहिले त सत्र समाप्तिको अन्त्यतिर मात्र पाठ्यपुस्तक उपलब्ध हुने स्थिति पनि व्यहोर्नु परेका कैयौ घटनाहरू देख्न र सुन्न पाइन्छ । त्यस्तो अवस्थामा कैयौ दिनको बाटो हिँडेर पाठ्यपुस्तक जति सुकै राम्रो भएपनि त्यसको उपादेयता रहँदैन र शैक्षिक एकरूपता र गतिशिलतालाई राष्ट्रका शैक्षिक आवश्यकताहरू पनि अपेक्षित रूपमा पुरा हुन सक्दैन । शैक्षिक शत्र सुरू हुनु अघि आवश्यक मात्रामा पाठ्यपुस्तक उत्पादन गरी सम्बन्धित क्षेत्र वा ठाँउमा पुऱ्याएर सुलभ गराउने प्रयत्न गरिनु आवश्यक छ ।

यस अध्ययनमा स्थानीय पाठ्यपुस्तक हामी र हाम्रो वीरेन्द्रनगर सुलभताका दृष्टिले उपयुक्त रहेको छ । यो स्थानीय पाठ्यपुस्तक भएकाले स्थानीय तहमा नै छपाइ गरिने र स्थानीय तहका लागि मात्र तयार पारिने भएकाले उक्त पाठ्यपुस्तक शैक्षिक सत्रको शुरूवातमा नै विद्यालयमा सहजै पुग्ने गरेको छ । स्थानीय तहले नै छपाइ गरी उक्त पाठ्यपुस्तक वीरेन्द्रनगर नगरपालिकामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयमा उपलब्ध गराउने उद्देश्यले सुलभ रूपमा व्यवस्था गरिएको देखिन्छ । जसले सुलभताका दृष्टिले उपयुक्त रहेको छ । अध्ययनमा समाविष्ट हामी र हाम्रो वीरेन्द्रनगर स्थानीय पाठ्यपुस्तकमा अन्य विधा र विषयसूची, हाम्रो भनाइ, सबाधिकार प्रकाशनमा जस्ता क्षेत्रहरू राखिएका

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

छन् । यसका साथै पाठ्यपुस्तकको विषयसूचीलाई पाठगत र एकाइगत आधारमा स्पष्ट पृष्ठसहित छुट्याइएकाले यस पाठ्यपुस्तकको अन्य क्षेत्रका आधारमा पनि उपयुक्त देखिन्छ ।

**आन्तरिक विशेषताका आधारमा पाठ्यपुस्तकको विश्लेषण**

पाठ्यपुस्तकका आन्तरिक विशेषताहरू विषयवस्तु, शब्दभण्डार, भाषा, संरचना अभ्यास, चित्र, छनोट र स्तरणका आधारमा स्थानीय पाठ्यपुस्तक हामी हाम्रो वीरेन्द्रनगरको विश्लेषण गरिएको छ ।

**विषयवस्तु**

पाठ्यक्रमको उद्देश्य परिपूर्तिका लागि पाठ्यपुस्तकमा पाठ्यवस्तुको समावेश गरिएको हुन्छ । यस कक्ष तीनको स्थानीय पाठ्यपुस्तकका पाठ्यक्रमले तोके अनुरूपका विषयबस्तु राखिएको छ । जसमा जम्मा एकाइ ७ र जम्मा विधागत पाठहरू ३२ समावेश गरिएको छ । यी पाठहरूमा सामाजिक, सांस्कृतिक, बाताबरणीय, रीतिरीवाज चालचलन,सम्पदा, पेशाव्यवसाय कला झल्काउने उद्देश्यमूलक प्रकृतिका छन् । जसका माध्यमबाट विषयवस्तुको ज्ञान, स्थानीय स्तरका कला संस्कृति, सामाजिक सहयोग, पेशा व्यवसाय, वीरेद्रनगरको जनजीवन, विभिन्न किसिमका तरकारी स्थानीय उत्सव चाडपर्व जस्ता सिप तथा क्षमता उजागर गर्न सहयोग पुयाउने देखिन्छ ।

यसरी पाठ्यक्रममा तोडिएका क्षेत्रहरूमा एकाई १ मा हाम्रो वीरेन्द्रगरमा ४ वटा विधागत पाठहरू राखिएको छ जसमा पाठ १ मा वीरेन्द्रनगरको भौगोलिक अवस्था, पाठ २ मा स्थानीय तहको परिचय, पाठ ३ मा हाम्रो नगरको जनजीवन र मौसम, पाठ ४ मा विकासका पूर्वाधार राखिएको छ । एकाई दुईमा हाम्रो बाल संसार एकाइमा ५ वटा पाठ राखिको छ । जसमा पाठ १ मा आदर्श बाल व्यवहार, पाठ २ मा बाल खेल, पाठ ३ मा बाल साहित्य र सिर्जना, पाठ ४ मा बाल संस्कार, पाठ ५ नेतृत्व विकास गरी ५ वटा विधागत पाठहरू राखिएको छ । एकाइ ३ मा खुसिका लागि शिक्षा जस अन्तर्गत ९ वटा विद्यागत पाठ रहेका छन् । पाठ १ मा असल बानी र आचरण, पाठ २ मा स्थानीय गीत, संगित र संस्कृति, पाठ ३ मा स्थानीय उत्सव र चाडपर्व, पाठ ४ मा सकारामक सोच, पाठ ५ मा ध्यान प्रणाम र योगासन, पाठ ६ मा श्रमप्रतिको सम्मान र सामाजिक सहयोग । एकाई चार भा बातावरण संरक्षण र हरित विद्यालय अन्तर्गत छ वटा विधागत पाठ छन् । पाठ १ मा स्थानीय बोट विरूवा, पाठ २ मा स्थानीय जङ्गलमा पाइने बन्यजन्तु र धारा, पाठ २ मा बगैचाको महत्व, पाठ ४ मा पानीको उपयोग, पाठ ५ मा फोहोरमैला वर्गीकरण र व्यवस्थापन, पाठ ६ का घर, समूदाय र विद्यालयको सरसफाइ रहेको छ । एकाई ५ मा हाम्रो सम्पदा अन्तर्गत ५ वटा पाठ छन् । पाठ एकमा वीरेन्द्रनगरका पर्यटकीय स्थलसहित सुर्खेत उपत्यकाको परिचय, पाठ २ मा वीरेन्द्रनगरका जातजातिको विशेषता र परिचय, पाठ ३ मा स्थानीय चाडपर्व र लोक गीत, पाठ ४ मा चाडपर्वमा गरिने क्रियाकलाप र पाठ ५ मा स्थानीय परिकार रहेको

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

छ । एकाइ ६ हाम्रो पेशा व्यवसाय २ प्रविधि अन्तरगत ३ वटा पाठ राखिएको छ । पाठ १ मा स्थानीय अन्नबाली तरकारी र फलफुल खेतिको महत्व, पाठ २ मा स्थानीय पेशा व्यवसायको महत्त्व, पाठ ३ मा स्थानीय परम्परा प्रविधी र आधुनिक प्रविधि । अन्तिम एकाइ ७ मा विपत व्यवस्थापन अन्तरगत ३ वटा पाठ रहेका छन् । पाठ १ मा विपतको परिचय, पाठ २ मा हाम्रो सुरक्षित विद्यालय, पाठ ३ मा भूकम्प र महामारीबाट सुरक्षा जस्ता पाठहरू राखेर स्थानीय पाठ्यपुस्तकको निर्माण गरिएको छ । यसरी विषयगत विविधतालाई पाठ्यक्रम अनुरूप यस पाठ्यपुस्तकमा समेटेको पाइन्छ ।

**भाषा संरचना**

प्रस्तुत कक्षा तीनको स्थानीय पाठ्यपुस्तका विधाहरूमा सरल, संयुक्त तीनै किसिमका वाक्यको प्रयोग गरिएको छ । यस पाठ्यपुस्तकमा विद्यार्थीको स्तर अनुरूप, रूचिकर, सुगम, स्तरीकृत भाषिक सिप आर्जनमा उपयोगी र दैनिक जीवनमा सहयोगी हुन सकोस् भन्ने तर्फ ध्यान दिइको पाइन्छ ।

स्थानीय पाठ्यपुस्तकमा भाषाको संरचना सरलबाट जटिलताको क्रममा मिलेको छ । यसभित्रका पाठहरूलाई हेर्दा हरेक पाठहरूमा चित्रहरू दिएर छलफलका लागि प्रश्नहरू दिइएको छ । जुन प्रश्नहरू वर्णनात्मक रू विश्लेषणत्मक शैलीमा राखिएको छ । त्यसैगरी अनय पाठहरूलाई हेर्दा संवादात्मक शैलीको पनि प्रयोग भएको पाइन्छ । यस पुस्तकको भाषिक अवस्था हेर्दा त्रुटि रहित देखिन्छ । शब्दहरू चयन गर्दा विद्यार्थीको स्तर अनुसार नै गरिएको पाइन्छ । पाठ्यपुस्तकमा प्रयोग गरिएका लामा वाक्यले भाषिक बोधगम्यता कठिनाई ल्याएको देखिन्छ । भाषाको अभिव्यक्तिगत बोधगम्यता कायम गर्नलाई ख्याल गरेर शुद्ध, स्पष्ट, मानक आकर्षक र रोचक भाषा प्रयोगले पाठ्यपुस्तकलाई परिभाषित गर्न सकेमा ज्यादै राम्रो हुने देखिन्छ ।

**अभ्यास**

यस हामी र हाम्रो वीरेन्द्रनगर पाठ्यपुस्तकले पाठ्यक्रमका भाषिक उद्देश्य पूरा गर्ने गरी अभ्यासहरूको उयपयुक्त र स्तरयुक्त व्यवस्था मिलाउनु आवश्यक छ । पाठ्यपुस्तकको प्रत्येक पाठमा सिर्जनात्मक अभ्यास राखिएको छ । यसमा मौखिक, लिखित सबै खालका अभ्यासहरूको निर्माण गरिएको देखिन्छ । यस पाठ्यपुस्तकमा पहिलो पाठमा ४ वटा अभ्यास राखिएको छ । दोस्रोमा १-४ वटा, तेस्रोमा १-७ र चौथोमा १-३ गर्दै जम्मा पाठ ३२ रहेका छन् । ३२ वटा पाठमा प्रत्येक पाठको अन्त्यमा अभ्यास राखिएको छ । यसमा जम्मा अभ्यास ९२ वटा रहेको छ । पाठ्यपुस्तक पाठ्यक्रमको उद्देश्य अनुरूप निर्माण गर्नुपर्ने भएकाले यसमा भाषा पाठ्यक्रमले तोके अनुरूपको अभ्यासमा भन्दा पनि विद्यार्थीको सिर्जनात्मक क्षमता विकास गर्ने खालका अभ्यास राखिएको भए उपयुक्त रहने देखिन्छ । स्थानीय स्तरका विषयवस्तुलाई जोड दिइ सिजर्ननात्मक अभ्यास राखिनु पर्ने देखिन्छ । यसले गर्दा विषयवस्तुलाई पछाडि

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

पारेको देखिन्छ । यस्ता नकारात्मक पक्षहरूलाई सुधार गरी संसोधन वा परिमार्जन गरिएको खण्डमा पाठ्यपुस्तक अभ्यासात्मक दृष्टिले बढी प्रभावकारी हुने देखिन्छ ।

**चित्र**

कक्षा तीनको स्थानीय पाठ्यपुस्तक हामी हाम्रो वीरेन्द्रनगर पाठ्यपुस्तकमा प्रशस्तै चित्रहरू प्रयोग भएको देखिन्छ । विभिन्न पाठका सम्बन्धित ठाउँको तस्वीर, बालबालिकाको तस्वीर, विभिन्न धार्मिक चाडपर्वहरू नक्साहरू, स्थानीय बालीका चित्रहरू, विद्यालयका चित्रहरू स्वास्थ्य संस्था, खानेपानी, बिजुली, यातायात, सञ्चारका चित्रहरू विभिन्न किसिमका योगासनहरूका चित्रहरू विभिन्न जातजातिका चित्रहरू, आवश्यकताअनुसार प्रयोग गरिएको छ । आवरणका चित्रहरू बाहेकका भित्र सबै चित्रहरू सादा रहेको पाइन्छ । सादा चित्रहरू रहेको कारणले चित्रहरू अस्पष्ट र अनाकर्षण पनि देखिन्छन् ।

यस पाठ्यपुस्तकमा एकाइ एक कर्णाली प्रदेशको नक्सा, मकैको चित्र, तरकारकीमा औषधी प्रयोग गर्दै गरेको चित्र, विद्यालयको चित्र, क्यामराले फोटो खिचिरहेको चित्रमा हिमालका बच्चाबच्ची, पहाडका केटाकेटी, बस, विजुलीको तार स्वास्थ्य चौकी, टावर, टेलिफोन र वडा कार्यालयको चित्र गरी १४ वटा चित्र राखिएको छ । एकाइ एकको पाठ १ मा वीरेन्द्रनगरको भौगोलिक अवस्थाको नक्साको चित्र राखिएको छ । पाठ २ मा स्थानीय तहको चित्र राखिएको छ । पाठ ३ मा हाम्रो नगरको जनजीवन र मौसमहरूको चित्र राखिएको छ । एकाइ दुईमा बालबालिकाहरू पढ्दै गरेको खेल्दै गरेको चित्र राखिएको छ । एकाइ दुईको पाठ १ मा आदर्श बालव्यवहारको चित्र राखिएको छ । पाठ २ मा बालखेलको तस्विर राखिएको छ । पाठ ३ मा बालसाहित्य र सिर्जनाको चित्र राखिएको छ । पाठ ४ मा बालसंस्कारको तस्विर राखिएको छ । पाठ ५ मा नेतृत्व विकास सम्बन्धी चित्र राखिएको छ । त्यसैगरी एकाइ ३ मा खुसीका लागि शिक्षा भनेर विभिन्न कार्यक्रममा सहभागी भएको चित्र राखिएको छ । एकाई ३ को पाठ १ मा असल बानी र आचरणका चित्रहरू राखिएको छ । पाठ २ मा स्थानीय गीत, सङ्गीत र संस्कृतिको चित्र राखिएको छ । पाठ ३ मा स्थानीय उत्सव र चाडपर्वहरूको चित्र राखिएको छ । पाठ ४ मा सकारात्मक सोच भएका चित्रहरू राखिएको छ । पाठ ५ मा ध्यान, प्रणायम र योगासनका चित्रहरू राखिएको छ । पाठ ६ मा श्रमप्रतिको सम्मान र सामाजिक सहयोगका चित्रहरू राखिएका छन् ।

एकाइ चारको पाठ १ मा स्थानीय बोटविरूवाको चित्रहरू राखिएको छ । पाठ २ मा स्थानीय जङ्गलमा पाइने वन्यजन्तु र चराहरूको चित्र राखिएको छ । पाठ ३ मा बगैंचाको चित्रहरू राखिएको छ । पाठ ४ मा पानीको उपयोग गर्ने तरिका सिकाएको चित्रहरू राखिएको छ । पाठ ५ मा फोहोरमैला वर्गीकरण र व्यवस्थापन सम्बन्धी चित्रहरू राखिएको छ । पाठ ६ मा घर, समुदाय र विद्यालयको सरसफाई सम्बन्धी चित्रहरू राखिएको छ । त्यसैगरी एकाइ पाँच अन्तर्गतको पाठ १ मा वीरेन्द्रनगरका

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

पर्यटकीय स्थल र सुर्खेत उपत्यकाका चित्रहरू राखिएको छ । पाठ २ मा वीरेन्द्रनगरका जातजातिहरूको चित्र राखिएको छ । पाठ ३ मा स्थानीय चाडपर्व र लोकगीतका चित्रहरू राखिएको छ ।

पाठ ४ मा चाडपर्वमा गरिने विभिन्न क्रियाकलापहरूको चित्र राखिएको छ । पाठ ५ मा विभिन्न स्थानीय परिकारहरूको तस्विर राखिएको छ । एकाइ ६ मा हाम्रो पेशा, व्यवसाय र प्रविधिको चित्रहरू राखिएको छ । एकाइ ६ को पाठ १ मा स्थानीय अन्नबाली, तरकारी र फलफूलका चित्रहरू राखिएको छ । पाठ २ मा कुनै चित्र समावेश गरिएको छैन । पाठ ३ मा स्थानीय परम्परागत प्रविधि र आधुनिक प्रविधिका चित्रहरू राखिएको छ । त्यसैगरी एकाइ सातमा विपत व्यवस्थापनका चित्रहरू राखिएको छ । एकाइ सातको पाठ १ मा पनि विपत सम्बन्धी चित्रहरू नै राखिएको छ । पाठ २ मा सुरक्षित विद्यालयका चित्रहरू राखिएको छ । पाठ ३ मा भूकम्प र महामारीबाट बाँच्नका लागि अपनाइने सुरक्षाका चित्रहरू राखिएको छ ।

वीरेन्द्रनगरको स्थानीय पाठ्यपुस्तकमा चित्रहरूको प्रशस्तै प्रयोग गरिएको छ । यसमा जम्मा चित्र सङ्ख्या २२७ ओटा रहेका छन् । एउटा पाठमा बोहक प्रत्येक पाठमा चित्र देखाइएको पाइन्छ तर चित्र भने खासै स्पष्ट रहेको पाइदैन । सादा चित्र नभई रङ्गीन चित्र समावेश गर्नु आवश्यक देखिन्छ । आधारभूत तहका पाठ्यपुस्तकमा रङ्गीन पाठ्यपुस्तक उपयुक्त हुने भएकाले् पाठ्यपुस्तकमा रङ्गीन चित्र र छपाइ गर्दा थप प्रभावकारी हुने देखिन्छ । विषयवस्तु अनुसारका चित्रहरू नै पुस्तकमा राखिएको छ ।

**छनोट र स्तरण**

यस कक्षा तीनको स्थानीय पाठ्यपुस्तकको अध्ययन गर्दा पाठ्यपुस्तकमा पाठ्यवस्तु छनोट गर्दा पाठ्यक्रम अनुरूप सरलदेखि जटिलताको क्रममा सिपसम्बद्ध हुने गरी विद्यार्थीहरूको स्तर तह र क्षमता अनुकूल गरिएको देखिन्छ । पाठ्यक्रममा उल्लेख भएका पाठ्यवस्तु छनोट गरिएको भएपनि छनोटको क्रम तलमाथि पारेको देखिन्छ । यसमा शिक्षण समय, निर्धारित उद्देश्य, विद्यार्थीको सिकाइ प्रवृत्ति, रूचि, सिकाइ आवश्यकता अनुकूल हुने गरी वर्णानुक्रम मिलाइएको छ । विधागत क्रमिकता र आवृत्ति मिलाई स्तरीकृत वा संगति गरिएको छ ।

कक्षा तीनको स्थानीय पाठ्यपुस्तकमा आन्तरिक दृष्टिले उपयोगी हुने पक्षहरू समावेश गरिएको पाइदैन । प्रत्येक पाठको अन्त्यमा शिक्षण निर्देशन राखिएको पाइदैन । पृष्ठ सङ्ख्या राखेर आन्तरिक दृष्टिले प्रभावकारी र उपयोगी बनाउन खोजीएको देखिन्छ । यसरी यस पाठ्यपुस्तकको आन्तरिक परिमार्जनमा माथि दिइएको सुझावलाई अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**हामी र हाम्रो वीरेन्द्रनगर पाठ्यपुस्तकका सबल र दुर्बल पक्ष**

वीरेन्द्रनगर नगरपालिकाले समग्र रूपमा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक निर्माण गरी लागु गरिएको छ । जसले गर्दा विद्यार्थीहरूलाई स्थानीय स्तरका सम्पूर्ण पक्षको ज्ञान प्राप्त हुने भएकाले यो पाठ्यपुस्तक निकै राम्रो र फलदायी देखिन्छ । कक्षा तीनको स्थानीय पाठ्यपुस्तक हामी र हाम्रो वीरेन्द्रनगर पाठ्यपुस्तकका सबल पक्षहरूमा बालबालिकाको मनोभावना अनुरूप पाठ्यक्रमका आधारमा स्थानीय पाठ्यपुस्तक लागु गरेको पर्णाङ्क १००, पाठ्यभार ५ रहेको, स्थानीय स्तरमा उपलब्ध स्रोत साधन, धर्म, संस्कृति, चालचलन, रितिरिवाज, वस्तु ठाउँ परिवेशलाई उजनागर गरी ज्ञान दिन खाजेकाले, ठाउँ परिप्रक्ष अनुसार लोप हुन लागेका स्थानीय उत्सव, चाडपर्व, धर्मसंस्कृतिलाई विषयवस्तुमा समावेश गरिएको, स्थानीय जङ्गलमा पाइने वन्यजन्तु र चराचुरूङ्गीहरू, गौथली, भँगेरा, जुरेली, भ्याकुर जस्ता दुर्लभ वन्यजन्तु र चरा सम्बन्धी अध्ययन गरी पाठ्यपुस्तक निर्माण गरेकाले, विषयवस्तु प्रवेश गर्नुअघि पाठसँग सम्बन्धित चित्रहरू समावेश गरिएकाले, पाठ्यपुस्तकको बाह्य आवरण पृष्ठ बाक्लो र चिल्लो रहेकाले, पछाडिको बाह्य पृष्ठमा विद्यार्थीलाई आफ्नो नगरपालिकाको पहिचान गर्ने नगरपालिका र नगरपालिकाको नक्सा देखाइएको, विषयसूची, क्रमसङ्ख्या, पाठ शीर्षक, पृष्ठ सङ्ख्या स्पष्ट समावेश गरिएको आदि रहेका छन् । स्थानीय पाठ्यपुस्तक निकै प्रभावकारी बनाइएको देखिन्छ । बालबालिकालाई सर्वेक्षणको जानकारीहुने हेतुले यो पाठ्यपुस्तक निर्माण गरीलागु गरेको र समग्रमा समय सान्दर्भिक अर्थपूर्ण मानिन्छ सुन्दर रूपमा रहेका तलातलैया, मठमन्दिर र घण्टाघरको बारेमा पाठ्यपुस्तकमा उल्लेख गरिएको ।

पाठ्यक्रम निर्माणका आधारमा पाठ्यपुस्तक लागु गरिएतापनि पाठ्यक्रममा भएका केही पक्षहरू पाठ्यपुस्तकमा छुटेका हुनाले थप ज्ञान प्राप्त ग र्न असहज देखिन्छ । कक्षा तीनको स्थानीय पाठ्यपुस्तक हामी र हाम्रो वीरेन्द्रनगर पाठ्यपुस्तकका दुर्बल पक्षहरूमा बाह्य आवरण जति आकर्षक देखिन्छ त्यतिकै बँधाइ कार्य उपयुक्त नभएको, पाठ्यपुस्तकका भिभी भागका पाठहरूमा चित्रहरू रङ्गीन र आकर्षक नभएको, स्टेप्लर र फेबिकोलको प्रयोग उपयुक्त नगरिएको, पुस्तकको मूल्य नतोकिएको, चित्रहरू रङ्गीन नभएको, अभ्यासमा प्रभावकारी विधि र प्रक्रिया नभएको आदि जस्ता पक्षहरू रहेका छन् ।

**स्थानीय पाठ्यपुस्तकमा देखिएका समस्या समाधानका उपाय**

हामी र हाम्रो वीरेन्द्रनगर पाठ्यपुस्तकको कक्षा तीनमा देखिएका दुर्बल पक्षहरू सुधारका लागि निम्न उपाय अपनाउँन सकिन्छ । यस हामी र हाम्रो वीरेन्द्रनगर पाठ्यपुस्तकलाई सुधार गर्न विद्यार्थीले पाठ्यपुस्तका विषयवस्तु पढे अनुसार शिक्षकले निरन्तर अवलोकन गराउनु पर्ने, भौगोलिक रूपमा, सामाजिक, सांस्कृतिक क्षेत्रहरूको क्षेत्रभ्रमण गरी आवश्यक पाठ्यपुस्तकमा थप सुधार गर्नुपर्ने देखिन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

विद्यार्थीको तह अनुसारको विषयवस्तु र शिक्षण सिकाइ प्रक्रियाहरू समावेश गर्नुपर्ने र पाठका चित्रहरू रङ्गीन गरिनु पर्ने र प्रविधिगत रूपमा विषयवस्तु सिकाउने खालका र अवलोकन गर्ने खालका क्षेत्रहरूलाई समावेश गरिनु पर्ने देखिन्छ । शिक्षण सिकाइका लागि स्थानीय पाठ्यपुस्तक अझ परिमार्जन र परिष्कृत गरिनु पर्दछ । पाठ्यपुस्तकलाई थप प्रभावकारी बनाउन पाठ्यपुस्तकका विषयवस्तु, चित्र, अभ्यास जस्ता विषयमा अझ स्तरीयता ल्याउनु पर्ने आवश्यक देखिएको छ । अतः समग्रमा यस हामी र हाम्रो वीरेन्द्रनगर पाठ्यपुस्तकलाई थप परिमार्जन गर्न अझ आवश्यक देखिएको छ । शिक्षण सिकाइलाई प्रभावकारी बनाउन र उक्त पाठ्यपुस्तकको विषयवस्तु अझ स्तरीय र प्रभावकारी बनाउन विज्ञको बिचमा छलफल हुनु आवश्यक देखिन्छ ।

## निष्कर्ष

हामी र हाम्रो वीरेन्द्रनगर स्थानीय पाठ्यपुस्तकक्षेत्र र एकाइका आधारमा हेर्दा ७ वटा एकाइ वा क्षेत्र भनेर तोकिएको छ । ७ वटा एकाइ भित्र ३२ वटा पाठ समावेश गरिएको छ । जसमा ७ वटा एकाइ भित्र पाठहरू समान रूपमा विभाजन नभएको कुनै एकाइमा धेरै पाठ र कुनैमा आवश्यकता भन्दा धेरै पाठ राखिएको हुँदा क्षेत्र विभाजन गर्दा समान रूपले विभाजन गर्नुपर्ने देखिन्छ । विशिष्ट उद्देश्य वा सक्षमताका आधारमा वीरेन्द्रनगरको स्थानीय पाठ्यक्रमलाई केलाउँदा ७ वटा एकाइका ७ वटा सक्षमता तोकिएको छ । जसमा एकाइ अनुसारका सक्षमताहरू समावेश छन् । एकाइ एकमा वीरेन्द्रनगर नगरपालिकाको भौगोलिक अवस्थाको सामान्य जानकारी समेटेर हाम्रो वीरेन्द्रनगर एकाइ एक निर्माण गरिएको छ । त्यसैगरी प्रत्येक बालबालिकालाई समूहिक कार्य सहयोग, सहभागीता नेतृत्व सिपको विकास जस्ता सक्षमता राखी एकाइ दुईमा बाल संसार समावेश गरिएको छ । एकाइ तीनमा असली बानी व्ववहार र आचरणका पहिचान गरी अनुकरण गर्ने बानीको विकास सक्षमतालार्य राखेर खुसीका लागि शिक्षा एकाइ निर्माण भएको छ । एकाइ चारमा आफ्नो वरपरको बातावरणमा भएका वस्तुको पहिचान महत्वबोध तथा बालबगैचा निर्माण र बातावरणका सरसफाइमा सहयोग जस्ता उद्देश्यहरू राखी एकाइ चार निर्माण गरिएको छ । एकाइ पाँचमा वीरेन्द्रनगरमा भएका पर्यटकीय स्थलको पहिचान र परिचयको जानकारी हासिल उद्देश्य राखि एकाइ पाँच निर्माण गरिएको छ । एकाइ छअन्तर्गत स्थानीय अन्नबाली फलफूल र पशुपालनको पहिचान र उपयोग राखि एकाइ छ निर्माण गरिएको छ । एकाइ सातअन्तर्गत विपत्को अवधारणा बोध तथा प्राकृतिक र मानव सिर्जित विपत्को बारेमा जानकारी हासिल गरी सामान्य सुरक्षा चेतनाको विकास जस्ता सक्षमताहरू राखेर एकाइ एक देखि सातसम्मका एकाइको एउटा सक्षमता राखिएको छ । त्यसैगरी पुस्तक भित्रका चित्रहरू साधा छन् । रङ्गीन चित्र राखिएमा उपयुक्त हुने देखिन्छ । यसरी अभ्यासलाई हेर्दा विद्यार्थीको तहलाई मध्यनजर गरी मौखिक खालका प्रश्नहरू राखी

अभ्यास निर्माण भएका छन् । त्यसैगरी क्रियाकलापहरू पढौँ, बुझौँ र छलफल गरौँ जस्ता क्रियापदहरू राखेर व्यवहारिक क्रियाकलाप प्राथमिकता दिइएको छ । समग्रमा हेर्दा स्थानीय पाठ्यपुस्तक हाम्रो वीरेन्द्रनगर विद्यार्थीको तह अनुसार विद्यार्थीको रूचि चाहना अनुसार तयार गरिएतापनि पाठमा रहेका चित्रहरू सादा नराखेर रङ्गीन राखिनु पर्ने र चित्रबाट मात्र विद्यार्थीलाई बुझाउन खोजीएकोमा थोरै पाठको विश्लेषण राखिएको भए अझ राम्रो हुने र विद्यार्थीलाई बुझ्न सहज हुने देखिन्छ । यस अध्ययनमा पाठ्यक्रमका विषयवस्तु अनुसार पाठ्यपुस्तकमा थप अभ्यास र शिक्षण विधिहरूलाई परिमार्जन गरी आधुनिकीकरण गरिनु पर्ने, पाठ्यपुस्तकको बँधाइमा स्टेपपिन र फेबिकोलको उचित प्रयोग गरिनुपर्ने, आवरण पृष्ठ प्लाष्टिक कोडेट लेमिनेशन गर्ने, कडा र बाक्लो कागतको प्रयोग गरेर बलियो बँधाइ गर्नुपर्ने र पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रम विकास केन्द्रले प्रकाशित गरेको प्रकाशनशैली अनुसार मात्र पाठ्यपुस्तक निर्माण गर्ने नीति निर्माण गर्ने नीति निर्माण गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०७४), *नेपाली भाषा शिक्षण परिचय र प्रयोग,* पिनाकल पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी सचेतना सामग्री,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

पौडेल, रामप्रसाद (२०६९), *भाषापाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षणपद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

पौडल, माधव प्रसाद (२०७२), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

फुयाल, शोभाकुमारी (२०६७),*कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०५५ र २०६५ को तुलनातमक अध्ययन,* नेपाली विषय नेपाल खुला विश्वविद्यालय, ललितपुर ।

भण्डारी, पारसमणि, घिमिरे, तुलसीराम र नेपाल, शक्तिराज (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* विद्यार्थी पुस्तक भण्डार ।

*नेपालको संविधान* (२०७२), नेपाल सरकार ।

*राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन* (२०४९), राष्ट्रिय शिक्षा आयोग ।

*स्थानीय तहको पाठ्यक्रम* (२०७६), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

शर्मा केदारप्रसाद, पौडेल माधवप्रसाद (२०७०) *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

शिक्षा युवा तथा खेलकुद शाखा (२०७९), *हामी र हाम्रो वीरेन्द्रनगर स्थानीय विषय,* वीरेन्द्रनगर नगरपालिका, सुर्खेत ।